अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्वन्धित)

# श्री रामबाग सामुदायिक वन उपभोक्ता समूह

गुलरिया न.पा. ५, सुहेलवा, बर्दिया

प.स.

च.नं.

मिति: २०८३/०४/२८

विषयः गोलिया काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ र २ (२०८३/०८४)

पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०४।२८

श्री रामबाग सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८२/०८३ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ गुलरिया न.पा. ०५, को घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/२८ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० वजे भित्रको समयमा यस रामवाग सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गुलरिया न.पा. वडा नं. ०५ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आहान गरिन्छ ।

तपसिल

१.वन पैदावारको विवरणः-

| वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | घाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | सवै | इपिल | N | गोलिया | २५ | ७०।५५ | ७०५५/- | काठ संकलन खर्च प्रति क्यू.फि. रु.१२५/- तथा दाउरा चट्टा रु ८५०० साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | | खयर | N | गोलिया | ३३ | ३३।६५ | ३३६५०/- | |
| | | वकाइनो | N | गोलिया | ३ | १०।५३ | १०५३/- | |
| | | वबुर | N | गोलिया | १७ | ५२।९४ | ५२९४/- | |
| | | वृ सिसौ | A | गोलिया | १३ | ११२।३० | ७८६१०। | |
| | | वृ सिसौ | B | गोलिया | १६७ | ४५७।४९ | २२८७४५। | |
| | | सिरिस | B | गोलिया | २२ | ५०।९६ | १०१९२। | |
| | | सागवान | A | गोलिया | ५ | ४०।७६ | ३२६०८। | |
| | | सागवान | B | गोलिया | १९९ | ४५४।४४ | २७२६६४/- | |
| | | जम्मा | | | ४८४ | १२८३।६२ | ६६९८७१। | |
| २ | | अन्य दाउरा | | | | १।५० चट्टा | ६०००। | |
| जम्मा | | | | | | | ६७५८७१/- | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः२०८३।०५।१८ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

CS CamScanner

(दफा ३३ को उपदफा (२) संग सम्वन्धित)

# श्री रामबाग सामुदायिक वन उपभोक्ता समूह

## गुलरिया न.पा. ०५, सुहेलवा, वर्दिया

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य बैंक, गुलरिया शाखा कार्यालय, वर्दियामा रहेको हिसाव नं. ४१४०१००१०१२२३००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. १०००। र ३००।– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय वर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र रामवाग सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।१८ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन् खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णयदिने अधिकार सम्वन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

CamScanner

